# श्री पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७६/०७७
चलानी नं. :

मिति :- २०७६/०४/२१

विषयः समाजसेवी,बालमनोविज्ञ वा बाल विषेशज्ञको छनोट सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा यस अदालतको बाल इजलाशमा समाजसेवी बालमनोविज्ञ वा बाल विषेशज्ञको रुपमा काम गर्न इच्छुक देहायका योग्यता पुगेका बालबालीका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी बाल मनोविज्ञ वा बाल विषेशज्ञको रुपमा सूचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतमा शैक्षिक योग्यता, तालिम प्राप्त प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विषेशज्ञको रुपमा सूचिकृत भएको प्रमाणको प्रतिलिपि साथ निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

**योग्यता**

१. समाजसेवीको लागी:- मान्यता प्राप्त विश्वविद्यालयबाट समाजिक कार्य, बालविकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बालअधिकार वा समाजसेवाको सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

२. बाल मनोविज्ञ वा बाल विषेशज्ञको लागी:- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बालअधिकार वा बाल मनोबिज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

४।२१

..........................
राजकुमार निरौला
सेस्तेदार